# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९) काठमाडौं, वैशाख १३ गते २०५६ साल (अतिरिक्ताङ्क ४+१

## भाग ३

### निर्वाचन आयोगको


### सूचना १

काठमाडौं जिल्ला निर्वाचन क्षेत्र नं. १ र ३ बाट नेपाल कम्युनिष्ट पार्टी (एमाले) पार्टीको तर्फबाट उम्मेदवार हुनुभएका श्री मनमोहन अधिकारीको मिति २०५६।१।१३ गते मृत्यु भई उक्त क्षेत्रहरूको मतदानको कार्य स्थगित भएकोमा प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा २५ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले उक्त निर्वाचन क्षेत्रहरूमा २०५६ साल जेठ २५ गते बिहान ८.०० बजेदेखि अपरान्ह ५.०० बजेसम्म मतदान गर्ने गरी मतदान हुने मिति र समय तोकेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा ४८ को उपदफा (५) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले सम्वत् २०५६ साल जेष्ठ २५ गते मतदान हुने काठमाडौं जिल्ला निर्वाचन क्षेत्र नं. १ र ३ को प्रतिनिधिसभा सदस्य निर्वाचनको लागि मतपत्रमा छाप लगाई मतदान गर्ने प्रयोजनको लागि देहाय बमोजिमको मतसंङ्केत चिन्ह तोकेको छ।

मतसंङ्केत गर्ने स्वस्तीक चिन्हः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# सूचना ३

मतदाता नामावली सम्बन्धी ऐन, २०५२ तथा मतदाता नामावली सम्बन्धी नियमावली, २०५२ बमोजिम मतदाताहरूको नाम संकलन गर्ने वा अद्यावधिक गर्ने कार्य प्रत्येक वर्षको बैशाख महिनाको शुरूदेखि प्रारम्भ गरिने व्यवस्था भएकोमा २०५६ साल बैशाख २० गते र जेष्ठ ३ गते प्रतिनिधिसभा सदस्यको लागि निर्वाचन हुने भएकोले २०५६ साल बैशाख १ गतेबाट शुरू हुने उक्त मतदाता नामावली संकलन एवं अद्यावधिक गर्ने कार्य निर्धारित समयमा सम्पन्न गर्न नसकिने हुँदा मतदाता नामावली सम्बन्धी ऐन, २०५२ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी आयोगले सो कार्य २०५७ साल बैशाख १ गतेबाट शुरु हुने गरी समय परिवर्तन गरेकोले यो आदेश जारी गरेको छ।

आज्ञाले,
पुरुषोत्तम ढकाल
निर्वाचन आयोगको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५४